**Nepalese Culture**
**Vol. 16 : 141-148, 2023**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/nc.v16i1.54161**

# किचकवधका पुरातात्त्विक अवशेषहरू

## The Archaeological Remains of Kichakbadh (Jhapa, Nepal)

**देव नारायण बराल**
शोधार्थीः एम्फिल्, संस्कृति विभाग, त्रि.वि.
deependrabaral32@gmail.com

## Abstract

*This academic article presents an explanatory research study on the archaeological artifacts discovered in the Kichakbadh area, situated in wards 2 and 3 of the Bhadrapur Municipality within the Jhapa district. The objective of this research is to examine the cultural and historical significance of Kichakbadh, shed light on its archaeological importance, and elucidate the various archaeological artifacts that have been unearthed to date. The excavations carried out by the Department of Archaeology have revealed the ruins of buildings, a walled complex, and remnants of bricks and pottery. Although it is traditionally believed that there is Natiyashala (Theatre) or palace of king Birat of Mahabharat. The derived archaeological evidences indicate that it could be archaeological site belonging to Sunga/Kushan Period. This academic research study utilizes qualitative methods and draws on both primary and secondary sources form of data.It adopts a post-positivist research paradigm and employs analytical and descriptive methods to present its findings. This scholarly inquiry contributes new knowledge to the current context and enhances our understanding of the archaeological significance of Kichakbadh.*

***Keywords:*** Ruins, Kichakbadh, archaeology, excavation, Natyashala

## परिचय

विश्वको मानचित्रमा दक्षिण पूर्वी एसियाको भारत तथा चिनको बिचमा अवस्थित देश नेपाल भौगोलिक, सामाजिक, धार्मिक विविधताका कारण विश्वमा प्रख्यात रहेको छ । यहाँ रहेका १४००० भन्दा बढी धार्मिक स्थल, लुम्बिनी, कपिलवस्तु, काठमाडौंको हाडीगाउँ, मालीगाउँ, पश्चिम पहाडका मुस्ताङ भेग, पूर्वि नेपालका भेडियारी, किचकवध, वेतना लगायत धेरै पुरातात्त्विक, ऐतिहासिक स्थलहरूले नेपाल सम्पन्न रहेको छ । यी नै मध्येको एक पुरातात्त्विक स्थल किचकवध नेपालको प्रदेश नं १ स्थित झापा जिल्ला भद्रपुर

नगरपालिका वडा नं २ र ३ साविक पृथ्वीनगर गाउ विकास समिती वडा नं ५ देउनिया नदीको दक्षिण किनारमा समुन्द्री सतहदेखी ८५ मिटर अग्लो स्थानमा अवस्थित छ (कडेल, वि.सं. २०६६, पृ. ४२)। विभिन्न पुरातात्त्विक अवशेषहरू पाइएको यो स्थान जमिनको सतह भन्दा अग्लो ढिस्कोको रूपमा रहेको छ ।

धार्मिक, सांस्कृतिक महत्त्व पनि बोकेको किचकवधको बारेमा चलेको किंवदन्ती महाभारतको कथासँग जोडिएको छ । विराट राजाको दरवारमा गुप्तवास बसेका पाण्डवहरूकी एक मात्र पत्नी द्रौपदीलाई राजाको सेनापति किचकले कुदृष्टि लगाउदा भिमसेनले सो कुरा थाहा पाई नाट्यशाला मानिएको यहि ठाउमा किचकको वध गरेकोले यस ठाउँको नाम किचकवध रहेको मानिन्छ (सत्याल, वि.सं. २०७३, पृ. ४१०-४१८) । त्यस्तै यहाँका आदिवासी कोच, मेचे, सतार, माझीसँग पनि यो ठाउँको इतिहास जोडेको पाइन्छ (दाहाल, वि.सं. २०६६, पृ. ६) । धार्मिक तथा पुरातात्त्विक दृष्टिकोणले प्रख्यात किचकवधको ऐतिहासिकता यही हो भनेर किटान गर्न सक्ने अवस्था छैन । यस स्थलको वास्तविकता खोजी गर्न विभिन्न उत्खननहरू भएका छन् ।

महाभारत कालिन किंवदन्ती, प्राचिनकालमा किरातवंशी तथा मध्यकालमा सेन वंशी राजाले शासन गरिएको भनीएको यस स्थानको प्राज्ञिक अध्ययन हुन जरुरी छ । यहाँ अनुभुत गरेका समस्याको समाधानका लागी निम्न लिखित अनुसन्धान प्रश्नहरूको उत्तर खोज्ने कोशिश गरिएको छ। किचकवधको धार्मिक, सांस्कृतिक, ऐतिहासिक के महत्त्व रहेको छ ? किचकवध किन पुरातात्त्विक स्थलको रूपमा प्रख्यात छ ? किचकवधमा के-कस्ता पुरातात्त्विक वस्तुहरू प्राप्त भएका छन् र तिनले कसरी यस स्थानको प्राचिनता पुष्टि गरेका छन् ? यहाँ प्राप्त पुरातात्त्विक अवशेषहरूको आधारमा यो अध्ययन गरिएको छ । उल्लेखित समस्याहरूलाई सम्बोधन गर्नका लागि यस अध्ययनका निम्न उद्देश्यहरू राखिएको छ । किचकवधको धार्मिक, सांस्कृतिक, ऐतिहासिक महत्त्वबारे खोजि गर्ने, किचकवधको पुरातात्त्विक महत्त्वबारे प्रकाश पार्ने, किचकवधमा प्राप्त पुरातात्त्विक वस्तुहरूको विश्लेषण गर्ने ।

## अध्ययन विधि (Methodology)

झापा जिल्लामा अवस्थित पुरातात्त्विक स्थल किचकबध अध्ययन क्षेत्र रहेको छ । हिन्दू धार्मिक ग्रन्थहरूमा समेत उल्लेख गरिएको, वर्षेनी धेरै भक्तजन, पर्यटकहरू आउने गरेको यस स्थानको पुरातात्त्विक महत्त्व अध्ययन गर्न यो क्षेत्र रोजिएको हो । किचकबध पुरातात्त्विक स्थलको अध्ययन विषयवस्तुका दृष्टिकोणले ऐतिहासिक, सामाजिक अध्ययन हो । यो एक सामाजिक अध्ययन भएकोले यहाँ गुणात्मक अनुसन्धान ढाँचा अवलम्बन गरिएको छ। विषयको गहिराई सम्म पुग्न Post positivism research paradigm विधि अवलम्बन गर्दै वर्णनात्मक तथा विश्लेषणात्मक विधीबाट नयाँ ज्ञानको श्रृजना गरिएको छ । प्राथमिक र द्वितियक दुवै स्रोतबाट तथ्याङ्क सङ्कलन गरी अध्ययन गरिएको छ । जसका लागी निम्न लिखित स्रोतबाट तथ्याङ्कहरू सङ्कलन गरिएको छ ।

### क) प्राथमिक स्रोत

**स्थलगत अवलोकन-** झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं २ र ३ मा अवस्थित किचकवधको स्थलगत अवलोकनको साथ अध्ययन क्षेत्रको फोटोहरू लिइएको ।

**अर्न्तवार्ता-** किचकवध धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल, संरक्षण समिती का अध्यक्ष वर्ष ६९ का दिल बहादुर थेबे, त्यस क्षेत्रको उत्खनन् गर्नु हुने पुरातत्त्वविद् उद्धव आचार्य तथा अन्य स्थानीय बुद्धिजिवीहरूसँग अन्तवार्ता लिईएको ।

### ख) द्वितीयक स्रोत

किचकवधसँग सम्बन्धित हालसम्म प्रकाशित पुस्तक, धार्मिक ग्रन्थहरू, स्मारिका, उत्खननका रिपोर्टहरू, पत्र-पत्रिका, सामाजिक सञ्जाललाई तथ्याङ्क सङ्कलनको द्वितीयक स्रोतको रूपमा लिइएको छ ।

विभिन्न माध्यमबाट संकलित तथ्याङ्कलाई अध्ययन गरी कोडिङ, डि-कोडिङबाट सहायक अवधारणा बनाई मुख्य अवधारणा निर्माण गरी तथ्यहरू बिच तुलना, व्याख्या र विश्लेषण गरी आगमन विधीबाट निष्कर्षमा पुगिएको छ। द्वितीयक स्रोतका तथ्यहरूलाई शोध  विधिको नियमानुसार उद्धरण गरिएको र बएब ठतज भमष्तष्यल को नियमानुसार सन्दर्भ सामाग्रीको सूची पनि प्रस्तुत गरिएको छ। यसरी यो अनुसन्धानमुलक आलेख शोधका वैज्ञानिक विधि अनुसरण गरि तयार परिएको छ ।

## अध्ययनका प्राप्तिहरू

ढिस्कोको रूपमा रहेको किचकवध पुरातात्त्विक स्थलमा स्थानिय जन विश्वास अनुसार के रहेछ भनी सर्वप्रथम वि.सं २०३३ सालमा मेची बहुमुखी क्याम्पस झापाको इतिहास विभागले उत्खनन् सुरु गरेको थियो । जुन उत्खनन्बाट केही इँटाका टुक्रा, पोलेका/ नपोलेका माटाका भाँडाकुँडाका टुक्राहरू, माटोको गाग्री भेटिए पछि पुरातत्त्व विभागले त्यो स्थल आफ्नो नियन्त्रण र संरक्षणमा राखि वैज्ञानिक तरिकाले चरणवद्ध रूपमा विभिन्न उत्खनन् कार्य गरेको थियो (दाहाल, २०६६, पृ. ९) । पूरातत्त्वविद् उद्धव आचार्यको नेतृत्वमा वि.सं २०५८, २०५९ र २०६० मा ३ पटक सम्म यस स्थानको उत्खनन कार्य सम्पन्न भएको थियो । स्थलगत अवलोकन, विभिन्न साहित्यिक स्रोत तथा पुरातत्त्व विभागले प्रकाशन गरेका उत्खननका रिपोर्टका आधारमा यहाँ निम्न पुरातात्त्विकहरू वस्तु प्राप्त भएका छन् ।

### भवन तथा सुरक्षा पर्खालको अवशेष

करिव १० विगाहा क्षेत्रफलमा फैलिएको किल्ला वा दरवारको अवशेष मानिएको विशाल ढिस्कोको रूपमा रहेको किचकवध पुरातात्त्विक स्थलको उत्तर पश्चिम कुनालाई आधार विन्दु मानेर १० × १० मिटरका ग्रिड तयार गरी उत्खनन् गर्दा एउटा ठूलो र सानो पर्खालका अवशेष फेला परेका थिए । जसलाई सुरक्षा पर्खाल र भवनको अवशेष मानि उत्खनन् कार्य बढाउदा दक्षिण उत्तर तर्फ कोठा सहित गाह्रोको अवशेषहरू प्राप्त भएका छन् । (आचार्य, वि.सं. २०५८/२०५९) । १८० से.मी. गहिराई सम्म पुग्दा यहाँ सात ओटा तहमा विभिन्न पुरातात्त्विक अवशेषहरू प्राप्त भएका छन् । यहाँको उत्खनन्बाट ठूल-ठूला दुइ वटा भवन र दुईवटा

सुरक्षा चौकीको भग्नावशेष प्राप्त भएका छन्। यहाँको quadrant 1 मा दुई कालखण्डमा निर्मित गाह्रोको जगहरू पाइएको छ। (आचार्य, वि.सं. २०५८/२०५९) जहाँ १२३ मिटर लम्बाइको चौकोण आकारको घेरावारा पर्खाल पाइएको छ। जसको पूर्वपट्टिको पर्खालको चौडाई ७ फुट रहेको छ। यहाँ दरवार मानिएको भवनका भित्रका सातवटा कोठाहरूको भग्नावशेष प्राप्त छन्। (आचार्य, वि.सं. २०६०/२०६१)





**चित्र नं. १:** किचकबध दरबारका सातकोठाहरू चित्र नं. २: कम्पाउण्ड वालको अवशेष

## माटाका भाँडाकुँडा

पुरातत्त्वविद् उद्धव आचार्यको वि.सं. २०६०/६१ को किचकबध उत्खनन रिपोर्टमा यहाँ कचौरा, टुटी तथा विर्को भएका सुराही आकारका भाँडाकुँडाका टुक्राहरू, दियो, गमला, थाल प्राप्त भएको उल्लेख छ। यस्ता भाडाकुडामा विभिन्न फुलबुट्टाका चिन्हहरू अंकित छन्। यसका साथै यहाँ Corded Wares, Bowl, Lid-cum bowl आदी सामाग्रीहरू पनि पाइएको छ। जसलाई शुंग कालको सग तुलना गर्न सकिन्छ (आचार्य, २०६०/ २०६१)। Trench को तल्लो सतहबाट प्राप्त माटाका भाडा पातला र राम्रो सँग पोलिएका छन्।




**तस्वीर नं. ३ :** उत्खननको क्रममा प्राप्त माटाको सुराही

## इँटा तथा झिँगटी

यहाँको उत्खननमा पोलिएका इँटाहरू प्राप्त भएका छन्। झिँगटी काठमाडौं उपत्यकामा हाल प्रयोग भए जस्तै आकारका तर प्वाल पारिएका छन्। प्राय इँटाको लम्बाई, चौडाई र बाक्लोपना क्रमश: ४२×३० ×५, ३९×२८ ×७ र २८ ×११ ×५ से.मी. रहेको छ। जुन इँटाहरू कमजोर अवस्थामा भेटिएका छन् (आचार्य, २०६०/२०६१)।

## अन्य सामाग्रीहरू

यहाँको उत्खननमा फलामका बाणहरू, सियोहरू, चक्कु, किमती प्रकारको विंड, जिमालाहरू, प्रस्तरको गुच्चा, ढुंगाको खेलौना, कचौरा, सुन पगाल्न प्रयोग गरिने पात्र, फलामको अंकुश आदी सामाग्रीहरू प्राप्त भएका छन् (आचार्य, वि.सं. २०६०/२०६१) ।

## प्राप्त अन्य ऐतिहासिक स्थानहरू

किचकबधको महाभारतकालिन कथासँग जोडिएका तथा स्थानीय बासिन्दाले विश्वास गरेका जमिनको सतहमा नै केही नयाँ/पुराना वस्तुहरू रहेका छन् । जसले यो स्थानको पर्यटकीय आर्कषण बढाएका छन् (थेबे, दिल ब., व्यक्तिगत सम्वाद, २०७९ श्रावण १२) ।

## वारुणी पोखरी

किचवध परिसर देउनिया नदी किनारमा एक तीनकुने पोखरी रहेको छ जसलाई वारुणी वा भिमसेन पोखरी भनिन्छ । किंवदन्ती अनुसार किचकले मर्ने बेलामा पानी मागेकोले भिमसेनले आफनो कुहिनोले हानेर खाल्टो बनाई पानी निकालेर दिएका थिए । त्यस्तै वरुण भक्त किचक स्वयंले यो पोखरी बनाएकोले वारुणी नाम रहन गएको पनि किंवदन्ती रहेको छ । (दाहाल, वि.सं. २०६६, पृ.७)



**तस्वीर नं. ४ :** वारुणी पोखरी

## सत्यदेवी मन्दिर

यस परिसरमा वि.सं. २०२४ सालमा सत्यदेवीको मूर्ति राखि स्वर्गीय जनक बहादुर थापाले खरको छानो राखि सत्यदेवीको मन्दिर निर्माण गराएका थिए । पछी वि.सं. २०२८ सालमा विभिन्न दाताको सहयोगमा पक्कि स्वरूपमा मन्दिर निर्माण गरिएको थियो । यहाँ प्रत्येक वर्ष लाग्ने मेलामा हजारौं भक्तजनहरूले पूजा गर्ने गर्दथे (कडेल, २०६६, पृ. ४५) । पछिल्लो पटक उत्खनन् गर्ने क्रममा यो मन्दिर भत्काइएको छ ।



**चित्र नं. ५ :** सत्यदेवी मन्दिर

## भीमसेन किचकको मूर्ति

परस्त्रीगामी किचकलाई भिमसेनले यसै ठाउँमा वध गरेको पौराणिक कथाको प्रतिक यो मूर्ति रहेको छ । यस ठाउँको प्रमुख पर्यटकिय आकर्षणको रूपमा रहेको भिमले किचकलाई बध गर्दै गरेको मूर्ति वि.सं. २०३८ सालमा बनेको थियो (कडेल, २०६६, पृ.४५) । यी स्थानहरूको साथै किचकबध क्षेत्रमा कुवा, शिव मन्दिर लगायत स्थलहरू रहेका छन् ।



**तस्वीर नं. ६ :** भिमसेनले किचकलाई बध गरेको प्रतिक मूर्ति

## छलफल (Discussion)

विभिन्न अध्ययन विधिबाट अध्ययनको सिमाभित्र बसेर अध्ययन गर्दा परिकल्पना गरिएका केही उद्देश्य अनुरूपका कुराहरू प्राप्त भएका छन् । महाभारतकालिन कथासँग जोडिएको धार्मिक, सांस्कृतिक महत्त्व बोकेर बसेको यस स्थलको वास्तविकता थाहा पाउन अझै व्यवस्थित ढङ्गले अध्ययन अनुसन्धान हुन जरुरी छ । हिन्दु धर्मावलम्बीहरूले द्वापर युगको मानि आएको महाभारतकालीन इतिहाससँग जोडिएको किचकबध धार्मिक तथा पुरातात्त्विक स्थलको रूपमा पूर्वी नेपालमा परिचित छ । महाभारतकालका किम्बदन्ती र लोकोक्तिहरूले महाभारतका एक पात्र किचकको बध सोही स्थानमा भएको भन्ने प्रमाणिक र ठोस आधार तयार गरी हाल्न सकिने स्थिति देखिदैन । धार्मिक कथ्यसँग मिल्दा जुल्दा प्रमाणहरू थप खोजीबाट प्राप्त हुन / नहुन पनि सक्दछन् ।

किचकबध क्षेत्रको भौगोलिक अवस्थिति, महाभारत ग्रन्थमा उल्लेखित कथालाई आधार मान्ने हो भने विराटनगर, विराटपोखर, अर्जुनधारा, कृष्णथुम्की, चिल्लागढ, पातालगंगा आदीको धार्मिक सांस्कृतिक मान्यता र स्थानीय लोक विश्वासमा किचकबधलाई पनि महाभारतकालिन कथाकै सेरोफेरोमा राख्नु पर्ने हुन्छ । (गिरी, वि.सं. २०६६; पृ.२१) तथापी राधा उपन्यासमा भिमले किचकलाई बध गरेको कुरालाई पत्याइएको छैन । विराटनगर आसपास रहेको मानिने विराट राजाको दरबारमा बध गरिएको किचक झापाको किचकबधमा पुग्ने सम्भावना रहँदैन (धारावासी, वि.सं. २०६३, पृ. २) । विराट राजाको दरबार हालको विराटनगर नै हो भन्ने पनि खासै प्रमाणहरू पनि पाइदैन । त्यस्तै भौगोलिक रूपमा करिब ७५ किलोमिटर टाढा रहेको यस स्थलमा विराट राजाको नाट्यशाला थियो भन्नु पनि तर्कपूर्ण देखिदैन । कतिपयले विराट राजाको नभए पनि किचकको नाट्यशाला थियो कि भन्ने अनुमान पनि गर्दछन् । भने यस क्षेत्रको सामन्त किचकको नै यहाँ भव्य दरबार थियो भन्ने भनाई पनि रहेको छ । (दाहाल, वि.सं. २०६६; पृ.७)जुन सबै भनाईहरूमा सत्यता भन्दा किंबदन्ती र धार्मिक विश्वास मात्र झल्कन्छ ।

ऐतिहासिक तथ्यहरूलाई केलाउने हो भने  पूर्वी नेपालका विभिन्न ठाउँमा इसापूर्व २००० देखी इसापूर्व १००० विचका नवपाषणकालिन उपकरणहरू पाइएकोले यी क्षेत्र प्राचिन कालदेखी कुनै न कुनै रूपमा मानवको क्रिडास्थल हुन सक्दछन् (पाण्डेय, वि.सं. २०६६, पृ.६६) । त्यस्तै यो क्षेत्रमा भारतका गलगलिया ठाकुरगञ्ज, किसनगञ्जको केन्द्र बनाएर शासन गर्ने प्राचीन कौशिकी क्षेत्रको कुनै शाशक सामन्तको दरबार वा किल्ला थियो कि भन्ने अनुमान गर्न पनि सकिन्छ (दाहाल, वि.सं. २०६६, पृ.१०) । उत्खननन्बाट प्राप्त सामाग्रीको काल परीक्षण गर्न सकेमा यस स्थलको ऐतिहासिकता र वास्तविकता प्रष्ट हुन सक्दछ । पूर्वी नेपालको मोरङ्ग जिल्लाको भेडियारीमा इसापूर्व पहिलो/दोस्रो शताब्दी तिर निर्मित मन्दिरका अवशेषहरू पाइएको छ । (दाहाल, वि.सं. २०६५, पृ. २८७) किचकबध पनि यस क्षेत्रभन्दा धेरै टाढा नरहेकोले र प्राप्त पुरातात्त्विक अवशेषहरूले पनि त्यस्तै समयका भएको संकेत गरेकोले यसको प्राचिनता पनि द्वापर यूगको महाभारतकाल भन्दा ऐतिहासिक स्थल भेडियारीको सँगै पुग्न सक्दछ ।

किचकबधको उत्खननन्को नेतृत्व गर्नु हुने पूरातत्त्वविद् उद्धव आचार्यसँगको व्यक्तिगत संवादमा पनि यो क्षेत्र इसापूर्व दोस्रो, तेस्रो शताब्दी सम्मको मात्र हुने तर्क राख्नु हुन्छ । त्यसकारण धार्मिक आस्था, विश्वाश, किंवदन्ती भन्दा ऐतिहासिक प्रमाणहरूको आधारमा निष्कर्षमा पुग्नु पर्ने हुन्छ । किचकबध धार्मिक, ऐतिहासिक कस्तो स्थान हो ? यो स्थानीय आदिवासी कोचहरूको राजाको दरबार हो की ? यहाँका भवनका भग्नावशेष दरबार या नाट्यशाला के हुन् ? र कसका हुन् ? भन्ने कुरा अझै थप अध्ययनका विषय हुन सक्दछन् ।

## निष्कर्ष

यसरी किंबदन्ति अनुसार किचकबध महाभारतकालिन कथा संग जोडिएको स्थान भएता पनि यहाँको उत्खननमा प्राप्त भवनका जग/गाह्रो, सुरक्षा पर्खाल, माटाका भाँडाका टुक्राहरू आदिको तुलनात्मक अध्ययन गर्दा शुङ्ग कुषाणकालीन मानिने पूर्वी तराइको अर्को पुरातात्त्विक स्थल भेडियारिमा प्राप्त बस्तुहरूसँग मिल्दा जुल्दा भएकोले यो स्थान पनि त्यति नै पुरानो हुन सक्दछ । त्यस्तै यहाँ प्राप्त इँटाका स्वरूप र साइज मध्यकालका सिम्रौनगढ, काठमाडौं उपत्यकाकासंग मिल्दाजुल्दा देखिएको यस अघि गरिएका विभिन्न अध्ययनबाट पत्ता लागेकोले यो क्षेत्र मध्यकालको पनि हुन सक्दछ तथापी यहाँ प्राप्त बस्तुहरूको हालसम्म बैज्ञानिक परिक्षण भै नसकेकाले यसै भन्न सकिने स्थिति छैन ।

पुरातत्त्वविद् उद्धव आचार्यको उत्खननको रिपोर्टलाइ आधार मान्ने हो भने यहाको माथिल्लो तहका अवशेसहरू शुंङ्ग कुषाणकालिन हुन् भन्ने स्पष्ट हुन्छ भने तल्लो भागमा पाइएका भग्नावशेष अझै त्यो भन्दा अगाडि गुप्तकाल तिरका हुन सक्दछन्। स्थानिय जनविश्वास, धार्मिक किंवदन्ती जे भएता पनि त्यहाको भवनको भग्नावशेषलाई बिराट राजाको दरवार वा नाट्यशाला भन्न सकिने आधारहरू देखिदैन । यो कुनै विराटराजा, किचकको दरबार नाट्यशाला भन्दा पनि तत्कालीन समयको कुनै राजा, शक्तिशाली व्यक्तिको राजदरबार वा वासस्थान हुन सक्दछ । १२३ मिटर लामो Compound Wall, सुरक्षा चौकी पाइनुले यसलाई पुष्टि गर्दछ । हालसम्म यहाँ कुनै अभिलेख्य सामाग्री प्राप्त नभएकोले यहाँको अध्ययनमा गाह्रो भएको छ । तथापी यस अध्ययनबाट यो क्षेत्र महत्त्वपूर्ण पुरातात्त्विक स्थल भएको भने स्पष्ट हुन्छ । साथै वर्षेनि लाग्ने मेला, यहाँका मठ-मन्दिरमा गरिने पुजा-आजा, भक्तजनहरूको भिडभाडले पुरातात्त्विकसँगै यस क्षेत्रको सांस्कृतिक, धार्मिक महत्त्व पनि उजागर गरिरहेको देखिन्छ ।

हाल यस क्षेत्रको संरक्षण सम्बर्द्धन गर्न सम्पूर्ण क्षेत्रलाई पुरातात्त्विक स्थल, मन्दिर क्षेत्र र बाल उधान क्षेत्र छुट्याई कार्य गर्न गुरु योजना बनाइ अघि बढेको कुरा अध्ययनको क्रममा थाहा भयो । जुन राम्रो कार्य हो । यस स्थलको वरिपरि पक्कि घेरा बारा निर्माण तथा किचकबधको नयाँ प्रतिक मूर्ति निर्माण भइरहेको देखिन्छ । तथापी धार्मिक, ऐतिहासिक, पुरातात्त्विक स्थलमा घर, टहरा बनाउनु, पिकनिक क्षेत्र बनाउनुको सट्टा व्यवस्थित उत्खनन गरी यहाँको वास्तविक इतिहास पत्ता लगाई संरक्षण गरी प्रचार-प्रसार गर्न सकेमा यसको अझ महत्त्व बढेर जाने देखिन्छ। पुरातात्त्विक, धार्मिक स्थलसँगै देउनीया र मेची नदी दोभानमा अवस्थित यो स्थल महत्त्वपूर्ण पर्यटकीय स्थल बन्न सक्दछ । जंगलले छोपिन लागेको भवनका भग्नावशेषलाई जिर्णोद्वार गरी संरक्षण गर्न सकेमा यो क्षेत्र पनि कपिलवस्तु जस्तै प्रख्यात हुन सक्दछ । यसका लागि पुरातत्त्व विभाग, स्थानीय पालिका, संरक्षण समिति लगायत स्थानीय व्यक्तिहरू लाग्नु पर्ने देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची


कडेल, मदन कुमार (वि.सं. २०६६), *किचकबध: हिजो र आज,* किचकबध, पृ. ४२-५५ ।

गिरी, गोपाल (वि.सं. २०६६), *पुस्तक तथा पत्रपत्रिकामा किचकबध,* किचकबध, पृ. २१-२४ ।

दाहाल, चिन्तामणी (वि.सं. २०६६), *किचकबधको ऐतिहासिकता,* किचकबध, पृ. ६-१० ।

दाहाल, पेशल र खतिवडा, सोमप्रसाद (वि.सं. २०६५), *पुरातत्त्वको परिचय,* एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

धारावासी, कृष्ण (वि.सं. २०६३), राधा, साझा प्रकाशन ।

पाण्डेय, रामनिवास र रेग्मी दिनेशचन्द्र (वि.सं. २०६२), *नेपालको प्रागितिहास,* नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालय ।

प्राचीन स्मारक संरक्षण ऐन, २०१३ (वि.सं. २०६५), पुरातत्त्व विभाग ।

राष्ट्रिय संस्कृति नीति २०६७ (वि.सं. २०६८), *नेपाल सरकार सङ्घीय मामिला,* संविधान सभा संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय ।

सत्याल, रामप्रसाद (वि.सं. २०७३), *महाभारत,* ज्ञानकृतसागर मुद्रण ।

Acharya, U. Kichakbadh excavation project. *Excavation Report*-BS 2060/2061. Ministry of culture, Tourism and Civil Aviation, Department of Acrhaeology, Nepal.

… .., Kichakbadh excavation project. *Excavation Report*-BS 2058/2059. Ministry of culture, Tourism and Civil Aviation, Department of Acrhaeology, Nepal.